सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ३ ♦ २०८२ साल भदौ ६ गते शुक्रवार ♦ 22 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## 'मधेशमा देखिएको सुख्खा समस्यालाई हल गर्न काम सुरुआत भइसकेको छ' : ऊर्जा मन्त्री खड्का



**खबर दर्पण समाचारदाता**

**भदौं ५ गते, महेन्द्रनगर**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर मित्र बरालले मधेस प्रदेशको विद्युत् र सिँचाइ सेवाका अवस्था बारेमा जनकपुरमा जानकारी लिएका छन् ।

नेपाल विद्युत् प्राधिकरण, प्रादेशिक कार्यालय जनकपुर धाममा आज आयोजित कार्यक्रममा उनीहरुले मधेस प्रदेशको विद्युत् र सिँचाइ क्षेत्रमा तत्काल थप सुधारमा लाग्न पनि कर्मचारीलाई निर्देश गरे ।

सो अवसरमा मन्त्री खड्काले मधेश प्रदेशमा विद्युत् चुहावट अन्य प्रदेशका तुलनामा उच्च रहेको हुँदा यसलाई तत्काल समाधान गर्नुपर्छ भने । उनले भने,“ यस प्रदेशमा विभिन्न स्थानमा अझै पनि पटक-पटक बिजुली कटौती हुने जनगुनासो छ ।

२४ घण्टा विद्युत् आपूर्ति सुनिश्चितता गरिनुपर्छ। विद्युत् र सिँचाइ क्षेत्रमा सुधार आवश्यक छ । यो कामलाई प्रोत्साहित गर्दै, जनताको जीवनस्तर उकास्न हामी प्रतिबद्ध छौँ ।”

सो अवसरमा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर बरालले तराईमा पछिल्लो समय देखिएको सुख्खा समस्यालाई सम्बोधन गर्न सकिने हुँदा यसमा विभागले उच्च प्राथमिताका साथ ध्यान दिएको जानकारी दिए । कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिका सदस्य श्यामकिशोर यादव, विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मनोज यादवलगायतको उपस्थिति रहेको थियो ।

## गौशालाबाट हरिणको छालासहित भारतीय नागरिक पक्राउ



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ ५ गते, बर्दिवास**

गौशाला नगरपालिका-५ गौशाला बजारस्थित एक घरमा प्रहरीले छापा मार्दा हरिणको सुकेको छाला सहित ठूलो परिमाणमा भन्सार छलीका लत्ता-कपडा बरामद भएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीको अनुसार गौशाला नगरपालिका ५ बस्ने सुबोध यादवको घरमा भाडा गरी बस्दै आएका भारत, पश्चिम बंगाल कोलकाता घर भएका ३६ वर्षीय मनोज रायको कोठामा गोप्य सुचनाको आधारमा छापामारी गरि सो सामान बरामद गरिएको हो । साथै भारतीय नागरीक मनोजलाई पक्राउ समेत गरिएको छ।

इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रमेश लामाको कमाण्डमा खटिएको प्रहरी टोलीले गए राति छापामारी गरी करिब १८ लाख रुपैयाँ बराबरको भन्सार छलीका कपडा र एक थान हरिणको सुकेको छाला (आखेटोपहार) बरामद गरेको जनाएको छ।

बरामद गरिएको सामान र पक्राउ परेका मनोज रायलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीको हिरासतमा राखिएको र हरिणको छालासम्बन्धी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## मुद्दा- जबर्जस्ती करणी, फैसला- बालविवाहमा दुई वर्ष कैद

**कमलेश ठाकुर**

**भदौ ५ गते, जनकपुरधाम**

महोत्तरी जिल्ला अदालतमा प्रवेश गरेको जबर्जस्ती करणीको मुद्दामा फैसला भने बालविवाह ठहर भएपछि पीडित किशोरी र परिवार चिन्तामा छन् ।

पीडितकै जाहेरीका आधारमा सरकारी वकिलले पनि जबरजस्ती करणीको अभियोगपत्र जिल्ला अदालतमा दर्ता गरेका थिए । अदालतको फैसलाले आफूलाई ललाइफकाइ जबर्जस्ती करणी गरी गर्भवती बनाउने गाउँकै अंकेशकुमार यादवले उन्मुक्ति पाउने चिन्ताले पीडित किशोरीको मन बेचैन बनेको छ ।

'जसले मेरो सर्वस्व लियो । मेरो जिन्दगी बर्बाद गऱ्यो, अब ऊ खुलआम घुम्नेछ,' उनले भनिन्, 'तर म भनेँ मुख छोपेर हिँड्नुपर्छ । अदालतले मलाई न्याय होइन, अन्याय गरेको महसुस भएको छ ।'

आर्थिक अवस्थाले कमजोर ती किशोरी महोत्तरी बलवा नगर पालिका-८ धमौरास्थित अशोक टोलका अंकेशकै घरमा काम गर्थिन् । उनी मात्रै होइन, उनको तीन पुस्ता नै अंकेशकै घरमा रहेर कृषिलगायतका काम काम गर्दै आएको थियो ।


*बाँकी पृष्ठ ३ मा*



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# दक्षिण एसिया कै सबैभन्दा ठूलो १२ हजार बर्ष अगाडिको हाते औजार हेर्न पाईन्छ महोत्तरीमा

**बिशाल बस्नेत**

मध्यपाषण युगमा मानिसहरु कस्ता थिए होलान ?, जसलाई ७ हजार देखि १२ हजार बर्ष अगाडिको मानिन्छ जुन वेला उनिहरु कसरी जिविकोपार्जन गर्थे होलान ? यिनै कौतहुलको विचमा मध्यपाषण युगमा मानिसहरुले प्रयोग गर्ने औजारहरु भने महोत्तरीमा फेला परेका छन् ।अनुसन्धानकर्ताहरुले महोत्तरीस्थित बर्दिवासको पाटु क्षेत्रमा दक्षिण एसिया कै सवैभन्दा ठूलो प्रागऐतिहासिक स्थल फेला पारेका छन जसलाई पुरात्त्व विभागले समेत प्रमाणित गरिसकेको छ ।

जर्मन नागरिक गुडून कर्विन्सले सन १९८० को दशकमा अनुसन्धानपछि तयार गरेको प्रतिवेदनलाई नै आधार वनाएर विभागले गरेको अध्यणबाट पाटु क्षेत्र दक्षिण एसिया कै सवैभन्दा ठूलो मानवसभ्यता भएको निष्कर्ष निकालेको छ ।

विभागका निर्देशक भाष्कर ज्ञवालीका अनुसार नोडल इन्जिनियरिङ कन्सल्टेन्सीको माध्यमवाट भारतिय विख्यात पुरातत्वविद ल्याएर गरिएको अध्यणमा तत्कालिन समयमा बसोबास गरेका सोही क्षेत्र वरपरवाट १८ प्रकारका ढुंगे हतियार फेला परेका छन ।



## कसरी सुरु भयो अध्ययण ?

सन १९८० यता नेपालमा प्रागऐतिहासिक विषयमा खासै अनुसन्धान हुन सकेको थिएन ।

८० कै दशकमा विदेशी नागरिक तथा विख्यात पुरातत्त्वविद गुडून कर्विन्सले गहिरो खोज गरेपछी अनेकौ रहस्यहरु उदघाटित भए ।

१० बर्ष लगाएर कर्विन्सले दाङ उत्पत्यका र मधेशको शिवालिक पहाडमा गरेको अध्यण, अनुसन्धानपछि २००७ मा उन्ले एउटा किताब नै प्रकाशन गरिन ।

’प्रीहिस्टोरिक कल्चर इन नेपालझ नामक किताब प्रकाशन भएपछी महोत्तरीको पाटु क्षेत्र प्रागऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण रहेको सार्वजनिक भयो ।

रातो माटोमुनि पुरिएका हजारौ ढुंगे हतियारहरुले मध्यपाषण युग( ७००० देखि १२००० बर्ष पहिला)मा मानिसहरुको बाक्लै चहलपहल रहेको प्रमाणित भयो ।

यो विषयमा नेपालको तर्फबाट थप खोजी गर्दा दक्षिण एसिया कै सवैभन्दा ठूलो प्रागऐतिहासिक स्थल भएको निष्कर्ष निकालेपछी पाटु अहिले निक्कै चर्चामा छ ।

स्थानिय पत्रकारहरुले समाचारहरु सम्प्रेषण गरेपछी उधोग वाणिज्य संघको पहलमा पर्यटन मन्त्रालयले यसै क्षेत्रको लागि आर्थिक बर्ष २०८०/८१ मा ४५ लाख रुपैयाँ विनियोजन गरेको थियो ।

तर नगरले पुरातात्त्विक क्षेत्र संरक्षणको लागि उपयुक्त योजना बनाउन नसक्दा पुरातत्व विभागवाट भएको केही अनुसन्धानको लागि खर्च भएतापनी वाकी पैसा फ्रीज भयो । बिश्वका चर्चित मानव सभ्यता मध्ये बिज्ञहरुले रातु सभ्यता पनि पुरानो भएको दावी गरेका छन ।

भर्खरै सार्वजनिक भएको प्रतिवेदनमा मध्यपाषण युगमा तत्कालिन मानवहरुले प्रयोग गर्ने १८ प्रकारका हतियारहरु भेटिएका छन् । ढुंगावाट धार निकालेर बनाईएका हतियारहरु जिविकोपार्जनको लागि प्रयोग गर्ने गरेको विज्ञहरु बताउछन ।

पुरातत्व बिभागका निर्देशक भाष्कर ज्ञवाली नेपालको पहिलो यो प्रागऐतिहासिक क्षेत्र नेपालको लागि नै गौरव भएको र यसलाई संरक्षित क्षेत्र घोषणा गर्नु पर्ने सुझाउछन ।

## संरक्षित क्षेत्र घोषणा गरेर पर्वद्वन गर्नुपर्ने सुझाव

नेपालको नै गौरव मानिएको यॉंहाको हतियार कारखाना र अवशेषलाई संरक्षण गर्नुपर्ने बिज्ञहरुले जोड दिएका छन ।

’यॉंहाको ऐतिहासिक क्षेत्रलाई संरक्षण मात्र हैन सरकारले विश्व सम्पदा सुचिमा समेत राख्न सकिन्छ ।झ पुरातत्त्वविद प्रकाश दर्नालले भने ।’तत्काल संरक्षण अवलम्बन गर्न सकिएन भने सवै अवशेष नासिने र अतिक्रमणमा पर्ने जोखिम पनि त्यति कै छ ।झ भारतका चर्चित पुरातत्त्वविद मन्जित हजारियाको उपस्थितिमा भएको अध्यण प्रतिवेदनले समेत पुरातात्त्विक क्षेत्र अतिक्रमण परेकोप्रती ध्यानाकर्षण जनाएको छ ।

’दक्षिण एसिया कै पाटु मानव सभ्यता ठूलो भएको देखिन्छ । ७ किलोमीटरसम्म फैलिएको यो क्षेत्रलाई पहिला त संरक्षण गर्नुपर्छ र योजनावद्व पर्वद्वन गर्न सकियो भने पुरातात्त्विक पर्यटनका हिसावले पनि महत्वपूर्ण गन्तव्य वन्न सक्छ ।

स्थानिय सरकारले यदि पहलकदमी लिए तुरुन्त संरक्षित क्षेत्र र विश्व सम्पदा सुचिमा राख्ने प्रक्रिया अगाडि वढन सक्ने बिज्ञहरु बताउछन ।

तर नगरले विश्वको नै चर्चित यो विषयलाई नगरको नीति तथा कार्यक्रममा राख्न समेत कन्जुस्याइँ गरिरहेको स्थानियहरु बताउछन् ।

## कस्ता( कस्ता हतियार छन पाटु क्षेत्रमा ?

अध्यणअनुसार यश क्षेत्रमा १८ प्रकारका हतियारहरु फेला परेका छन ।

संख्यात्मकरुपमा समेत हजारौ हतियारहरु फेला पर्नुले मानिसहरुको बाक्लो चहलपहल मात्र हैन मानिसहरुले कारखानाकोरुपमा विस्तार गरेको पुरातत्त्वविदहरु वताउछन ।

तर अचम्म लाग्दो त काँहानिर छ भने ढुंगे हतियारहरु भियतनामको सभ्यतासँग मिल्दोजुल्दो देखिएको गुडून कर्विन्सको किताब प्रीहिस्टोरिक कल्चर इन नेपालमा उल्लेख गरिएको छ ।

‘त्यो वेलाको मानिसहरुले प्रयोग गर्ने सवै प्रकारको हतियारहरु यॉंहा देखियो । फेला परेका हतियारहरुले पनि पाटु क्षेत्र दक्षिण एसियाको धनि क्षेत्र भएको निष्कर्ष निकाल्न सकिन्छ ।’ भारतीय पुरातात्विकविद मन्जित हजारियाले भने ।‘अव यो नेपालमा फेला पर्नु पनि गौरवको विषय हो ।’

सिकार गर्ने धारिला हतियारहरु, रुख तथा बास काटने हतियारहरु, आगो बाल्न लागि प्रयोग हुने कडा दल्सी ढुंगाहरु अर्थात जीविकोपार्जनको प्रयोग हुने हतियारहरु ठुलो संख्यामा पाईएको हजारियाको भनाई छ ।

## अवशेषहरु नासिने खतरा

अध्यनको क्रममा मानिसहरुको दाहसंस्कार गर्ने चिहान, मानववस्ती विकाससँगै दोहन समेत भईरहेको भेटिएको हुनाले अवशेषहरुको अस्तित्त्व मेटिने खतरा वढेकोप्रति विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् ।

‘जंगलमा ट्याक्टरहरुले ढुंगा थुपारिरहेको ढुंगाहरु पनि भेटिएका

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दक्षिण एसिया कै सबैभन्दा ठूलो ........

छन् । यदि यो ठाँउलाई पुरातात्विक पर्यटन केन्द्रकोरुपमा विकास गर्ने हो भने स्थानीय सरकारले यस्ता विषयहरुमा तत्काल ध्यान दिनु पर्छ ।' निर्देशक ज्ञवालीले भने ।'नेपाल मात्र हैन दक्षिण एसियाको नै महत्वपूर्ण पुरातात्विक यो क्षेत्रलाई संरक्षण गरन नितान्त जरुरी देखिएको छ ।'

पुरातात्विक क्षेत्रमाथी केही ठाँउहरुमा बस्ति विकास समेत भएको पुरातत्व विभागले तयार गरेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा पनि प्रागऐतिहासिक अवशेषहरु नासिनेतर्फ गम्भीर ध्यानाकर्षण जनाईएको छ ।

अझ यस क्षेत्रलाई संरक्षण गरि खोजी गरे थुप्रै रहस्यहरु पत्ता लाग्ने विज्ञहरुले वताएका छन् । तत्कालिन समयमा यस क्षेत्रमा मानिसहरुको वाक्लो चहलपहल भएको हुनाले मानिसहरुका केही अवशेषहरु समेत भेटिन सक्ने उनीहरुले वताएका छन् ।

**मानवसभ्यताका दृष्टिकोणले पनि यो ठाँउ महत्वपूर्ण छः पुरातत्वविद् प्रकाश दर्नाल**



बास्तवमा गुडुन कर्विन्सले नेपालको प्रागऐतिहासिक विषयमा ठुलो योगदान दिएकी छन् । नेपालमा कुनै अध्यन नभईरहेको अवस्थामा उनि आएर गरेको अध्यनले नेपाल मानव सभ्यताका दृष्टिकोणले महत्वपूर्ण ठाँउ हो भन्ने प्रमाणित भयो । यो पाटु क्षेत्रमा जुन अध्यन गरेर बैज्ञानिक निष्कर्ष निकालिएको छ थप पुरातात्विक अध्यन हुन् जरुरी छ। अहिले सञ्चार माध्यमहरुले निरन्तर जुन ढंगले खोजपूर्ण समाचार लेखिरहनु भएको त्यसैको परिणामस्वरूप तिनै तहका सरकारको ध्यानाकर्षण भएछ यो निक्कै खुसीको विषय हो ।

स्थानीय सरकारले वेवास्ता गरिरहेको छ ( पुर्व नगरप्रमुख बिदुर कार्की

मेरो पालामा खासै यो विषय उजागार भएको थिएँन तर अहिले सञ्चारकर्मीहरुले निभाएको भूमिका निक्कै सराहनीय छ। दक्षिण एसियाको नै यो ठाँउ धनि भएको खवरले हामीले हाम्रो ठाँउप्रति गर्व महसुस गरेका छौ। तर विडाम्बना अहिलेको स्थानीय सरकार जुन गतिमा अगाडी बढ्नुपर्ने थियो त्यो निक्कै सुस्त देखिन्छ। स्थानीय सरकारले विज्ञहरुको सल्लाहलाई कार्यान्वयन गर्नुपर्छ। प्रागऐतिहाशिक दृष्टिकोणले यो ठाँउ विश्वका नै अनुसन्धानकर्ताहरुको लागि उर्वर ठाँउ बन्न सक्छ ।

**यो ठाँउ विश्वको नै ठुलो अध्यन केन्द्र वन्न सक्छ( भारतीय पुरातत्वविद् मन्जित हजारीया**



मैले बर्षौ पहिलेदेखि सुन्दै आएको थिए की नेपालको पाटु भन्ने ठाँउ पुराना प्रमाणहरुले प्रागऐतिहाशिक ठाँउ हो । केही महिना अगाडी म स्वयम त्याँहा पुग्दा बास्तवमा नै अकल्पनीय ठाँउ रहेछ । हामीले कर्विन्सले खोजी गर्दा वनाएका नक्साका आधारमा पनि उक्त ठाँउको अध्यन गरेका थियौ म दावीका साथ भन्न सक्छु यति ठुलो क्षेत्रफलमा फैलिएको मध्यपाषण युगको हतियार कारखाना दक्षिण एसियाको नै पहिलो हो ।

**नगरपालिकाले बिशेष चासो देखाएको छ : नगर प्रमुख प्रल्हाद कुमार क्षेत्री**



पत्रकारहरुले उजागार गरेपछि यो ठाँउको विषयमा थाहा पायौ । त्यसपछि हामी पनि लागि परेका छौ । यसपाली नै हामीले संरक्षणको लागि पारम्भिक प्रक्रियाहरु अगाडी बढाएका छौ। पुरातत्व विभागले डिमार्केसन गरेका ठाँउहरुमा घेराबारा गरेका छौ, हामीले अनुरोध गरेपछि पुरातत्व विभागले एउटा अध्यन समेत गरिसकेको छ। भास्कर जी आफै पनि आउनुभएको थियो । आगामी दिनमा संघ, प्रदेश र पुरातत्व विभागसँग छलफल गरेर एउटा योजना नै बनाएर काम गर्छौ ।

**समृद्धिको आधार बन्न सक्छ : जिल्ला समन्वय समिति सभापति सुमनलाल कर्ण**



मध्यपाषण युगको यो अवशेष भेटिनु हामी सवैको लागि गौरवको कुरा हो। मैले पनि सञ्चार माध्यमवाट थाहा पाएपछी चासोका साथ हेरेको छु। मैले सोही क्षेत्रमा कलम चलाउने बिशाल भाई, राजकरण लगायतलाई भनेको पनि छु की जिल्ला समन्वय समितिको तर्फवाट हुने काममा कुनै कन्जुस्याई हुने छैन । यसलाई साच्चै महत्वपूर्ण अध्यन केन्द्र बनाउन सकिन्छ र नगर समृद्विको लागि समेत महत्वपूर्ण आधार बन्न सक्छ ।

**समृद्विको आधार बन्न सक्छ : निरोज अधिकारी युवा नेता(नेकपा एमाले)**



मध्यपाषण युगको यो अवशेष भेटिनु हामी सवैको लागि गौरवको कुरा हो। मैले पनि सञ्चार माध्यमवाट थाहा पाएपछी चासोका साथ हेरेको छु। मैले सोही क्षेत्रमा कलम चलाउने बिशाल भाई, राजकरण लगायतलाई भनेको पनि छु की जिल्ला समन्वय समितिको तर्फवाट हुने काममा कुनै कन्जुस्याई हुने छैन । यसलाई साच्चै महत्वपूर्ण अध्यन केन्द्र बनाउन सकिन्छ र नगर समृद्विको लागि समेत महत्वपूर्ण आधार बन्न सक्छ ।

# मुद्दा- जबर्जस्ती ....

पीडित किशोरीका अनुसार २०७८ सालतिर अंकेशले प्रेम प्रस्ताव राखेका थिए । त्यतिबेला किशोरी १४ वर्षकी थिइन् भने अंकेश २१ का । प्रेम प्रस्तावको केही दिनपछि विवाहको प्रलोभन देखाएर भारतमा लगेर बलात्कार गरी अंकेश फरार भएको किशोरीको भनाइ छ ।

अंकेशकै बलात्कारबाट गर्भ बोकेकी किशोरीले ०७९ कात्तिक ११ गते प्रादेशिक अस्पताल जनकपुरधाममा बच्चा जन्माइन् । अहिले उनको बच्चा दुई वर्ष नाघिसकेको छ । तर, अदालतले जबर्जस्ती करणी मुद्दालाई इन्कार गर्दै आंशिक दाबी मात्रै पुग्ने फैसला सुनायो ।

जिल्ला अदालतका मुख्य न्यायाधीश मदनबहादुर धामीको इजलासले अंकेशलाई दुई वर्ष कैद सजायको फैसला सुनाएको हो। जिल्लाको फैसला चित्तबुझ्दो नभएका कारण पुनरावेदन गर्ने तयारीमा रहेको जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीका सूचना अधिकारी दीपेन्द्रकुमार दासले बताए । 'हामीले मुद्दा जबर्जस्ती करणीको दिएका थियौं । तर दाबी नै नगरेको कुरा फैसलामा आएको छ,' उनले भने, 'यो फैसला त्रुटिपूर्ण छ। हामी पुनरावेदन गर्छौं ।'

किशोरीले अदालतले आफूलाई जानकारी नदिईकन र अनुपस्थितिमा फैसला सुनाइएको दाबी गरिन् । आफूलाई कुनै पनि निकायले अन्तिम फैसला हुने पेसीबारे जानकारी नदिएको पीडितको भनाइ छ। उनले अदालतकै कर्मचारीले पनि आफूलाई ढाँटेको आरोप लगाइन् । 'म पटक-पटक अदालतमै गएर बुझिरहन्थेँ, मेरो पेसी कहिले छ भनेर,' उनले भावुक हुँदै सुनाइन्, 'तर मलाई असार १ गते पेसी छ भन्यो, पछि थाहा पाएँ जेठ २५ गते नै फैसला भइसक्यो ।' फाँटको कर्मचारीले ढाँटेको उनको भनाइ छ ।

महोत्तरी जिल्ला अदालतकी स्रेस्तेदार नुतन झाले प्रक्रिया अनुसार दुवै पक्षलाई जानकरी दिएर फैसला भएको दाबी गरिन्। प्रतिवादीको हकमा पुर्पक्षका लागि थुनामा रहेको र त्यहाँ पनि पत्र गएको उनको भनाइ छ। वादी पक्ष सरकारी वकिलको पनि पत्र गएको उनको दाबी छ । प्रतिवादीका तर्फबाट निरन्तर पेसी स्थगित भएको विषयमा उनले अदालतमा आएर जानकारी लिनुपर्ने बताइन् ।

जिल्ला सरकारी वकिलको कार्यालयले २०८१ वैशाख ३१ गते महोत्तरी जिल्ला अदालतमा जबर्जस्ती करणी मुद्दा दर्ता गराएको थियो। किशोरीले जाहेरी दिने तयारी गर्ने बेला नै अंकेशले सुइँको पाइसकेका थिए। सोही सूचनाका आधारमा अंकेशले २६ माघ २०८० मा धनुषा जिल्ला अदालतमा अर्कैसँग विवाह गरेका थिए ।

मुद्दाको पहिलो पेशीमै अंकेशलाई न्यायाधीश नवराज दुलालको इजलासले पुर्पक्षका लागि पठाउने आदेश गरेको थियो। अंकेश एक वर्षदेखि पुर्पक्ष थुनामै थिए। १८ पटक पेशी चढी फैसला भएको यो मुद्दामा सातपटक अंकेशको तर्फबाट स्थगित गरिएको थियो। पटकपटक मुद्दा सारेर आफू अनुकूल हुने भएपछि फैसला गराएको पीडितको आरोप छ।

मुलुकी अपराध संहिता ऐन २०७४ अनुसार बालविवाह कसैले गरे वा गराएमा विवाह स्वतः बदर हुने भनिएको छ। २० वर्ष उमेर नपुगी गरिने विवाह बदर हुने संहितामा उल्लेख छ। बाल विवाहको कसुर गर्नेलाई अधिकतम तीन वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने उल्लेख छ। यही कानुनी व्यवस्थाअनुसार अंकितलाई दुई वर्ष मात्र कैद गरिएको र उक्त कार्य त्रुटिपूर्ण भएकाले उच्च अदालतमा पुनरावेदन गर्ने सरकारी पक्षको भनाइ छ।-कान्तिपुर

युवा सशक्तिकरण गरौं

❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
❖राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

बर्दिबास
नगरपालिका, महोत्तरी

# मधेशमा भएका गैरन्यायिक हत्या छानबिन गर्न सर्वोच्चको परमादेश

**खबर दर्पण समाचारदाता**
**भदौ ५ गते, बर्दिबास**

विशेष सुरक्षा योजना बनाएर मधेशमा भएका गैरकानूनी हत्याको अनुसन्धान गर्न सर्वोच्च अदालतले सरकारका नाममा परमादेश जारी गरेको छ।

अधिवक्ता डा. सुनिल रञ्जन सिंहले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयालको पूर्ण इजलासले बिहीबार परमादेश जारी गरेको हो।

माधवकुमार नेपाल प्रधानमन्त्री भएको समयमा यस्तो योजना बनाएर गैरन्यायिक हत्या गरिएको भन्दै सिंहले छानबिन माग गरेर २०६७ सालमा रिट दायर गरेका थिए।

मधेशमा ४ सयभन्दा बढी नागरिकको गैरन्यायिक हत्या भएको सर्वोच्चमा दायर रिटमा दाबी गरिएको थियो। सो रिटको सुनुवाइ गर्दै सर्वोच्चको पूर्ण इजलासले छानबिन प्रक्रिया बढाउन परमादेश जारी गरेको सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेले जानकारी दिए। नेपाल नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्को २०६६ साउन १४ गते गरेको निर्णयले विशेष सुरक्षा योजना लागू गर्ने निर्णय गरेको थियो। त्यसपछि तत्कालीन गृहमन्त्री भीम रावलको कार्यकालमा उक्त विशेष सुरक्षा योजना कार्यान्वयनमा आएको थियो। नेपालस्थित संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले २०६४ देखि २०६८ सम्म मधेशमा २७ सर्वसाधारणको गैरन्यायिक हत्या भएको प्रतिवेदन सार्वजनिक गरेको थियो। इन्सेकले यस अवधिमा एक सय ३३ जनाको गैरन्यायिक हत्या भएको ठहर गरेको थियो। निवेदकले भने ४ सयभन्दा बढी जनाको गैरन्यायिक हत्या भएको दाबी रिटमा गरेका थिए।

मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघीय निकाय र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थाले मधेशमा लागू गरिएको सुरक्षा नीतिका कारण सर्वसाधारणले बाँच्न पाउने न्यूनतम अधिकार हनन भएको देखिएको औंल्याएका थिए ।

सर्वोच्चको परमादेशअनुसार २०६४ साउनदेखि २०६८ वैशाखसम्मका घटना छानबिनका लागि विशेष संयन्त्र गठन गर्नुपर्नेछ ।

# सहमति बिना नेपाली भूमि प्रयोग गर्ने कुरा अमान्य : महासचिव पोखरेल




**खबर दर्पण समाचारदाता**
**भदौ ५ गते, बर्दिवास**

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले नेपालको सहमति बिना नेपाली भूभाग तेश्रो पक्षले प्रयोग गर्ने कुरा नेपालको संविधान, सार्वभौमिकता र राष्ट्रिय स्वाभिमानको उल्लंघन भएको बताउनुभएको छ।

प्रेस चौतारी महोत्तरीले बिहीबार बर्दिबासमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै महासचिव पोखरेलले लिम्पियाधुरा नाकाबाट व्यापारका लागि भारत र चीनबिच हालै गरिएको दुईपक्षीय सहमति नेपालका लागि स्वीकार्य नहुने स्पष्ट पार्नुभयो।

पोखरेलले भन्नुभयो, 'लिम्पियाधुरा नेपालको भूमि हो र नेपाली भूमिको प्रयोगको विषयमा नेपालको सहभागिता र सहमति अनिवार्य छ। तेश्रो पक्षले सहमति गरेर अघि बढ्ने कुरा उचित छैन।'

एमालेको विधान संशोधन प्रस्तावमाथिको छलफलका लागि आयोजित बैठकमा सहभागी हुन बर्दिवास आउनुभएका उहाँले दोश्रो विधान अधिवेशनलाई ऐतिहासिक बनाउने तयारी भइरहेको बताउनुभयो।

मुलकलाई थप गति दिन संविधान संशोधन आवश्यक भए पनि राष्ट्रिय सभामा सत्ता पक्षको बलियो उपस्थिति नभएका कारण तत्काल अघि बढ्न नसकिने समस्या बारे पनि पोखरेलले जानकारी दिनुभयो।

उहाँले आगामी ५/६ महिनामा राष्ट्रिय सभाको १९ सिटका लागि हुने निर्वाचनपछि संशोधनका लागि अनुकूल परिस्थिति बन्ने विश्वास दिलाउनुभयो।

# कृषि तथा पशुपन्छी सेवा केन्द्र भवन जनकपुरधामलाई हस्तान्तरण




**खबर दर्पण समाचारदाता**
**भदौ ५ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगरपालिकाले सुविधा सम्पन्न कृषि तथा पशुपन्छी सेवा केन्द्र भवन प्राप्त गरेको छ ।

बिहीबार आयोजित एक कार्यक्रममा उपमहानगरपालिका-१७ तेतरियास्थित निर्माण सम्पन्न उक्त भवन जनकपुरधामका नगरप्रमुख मनोजकुमार साहलाई हस्तान्तरण गरिएको हो ।

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर बर्दिवासको सहयोगमा करिब २ करोड २५ लाख रुपियाँ लागतमा उक्त भवन निर्माण गरिएको हो। भवनमा अपाङ्गमैत्री संरचना, प्रयोगशाला, तालिम हललगायत आधुनिक सेवाका लागि आवश्यक पूर्वाधारहरू समेटिएका छन् ।

भवन हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै नगरप्रमुख साहले भवनलाई बहुउपयोगी रूपमा प्रयोग गरिने बताउनुभएको छ । "यसको प्रयोगले नगरका किसानलाई प्रत्यक्ष लाभ पुग्नेछ," साहले भन्नुभयो, "ग्रामीण क्षेत्रको आर्थिक समृद्धि र कृषकको जीवनस्तर उकास्ने उद्देश्यले निर्माण गरिएको यो भवनबाट सेवा प्रवाह अझ प्रभावकारी हुनेछ ।" उहाँले सुविधा सम्पन्न प्रयोगशाला सञ्चालनमा आएसँगै कृषकहरूलाई बाहिर उपचार वा परीक्षणका लागि धाउन नपर्ने बताउनुभयो ।

सो अवसरमा वडा १७ का वडाध्यक्ष रामवृक्ष यादवले भवनले कृषि तथा पशुपालन क्षेत्रमा ठूलो मद्दत पुग्ने उल्लेख गर्नुभयो । "यस क्षेत्रका अधिकांश जनता कृषि व्यवसायमा आवद्ध छन् । आधुनिक प्रविधि प्रयोग गरेर उत्पादनमा वृद्धि गर्न यो भवन महत्वपूर्ण आधार बन्नेछ," उहाँले भन्नुभयो ।

त्यस्तै, वडा ९ का वडाध्यक्ष परमेश्वर साहले कृषि क्षेत्रमा प्रचुर सम्भावना बोकेको जनकपुरधाममा यो भवनले किसानहरूको जीवनस्तर उकास्न र आयवृद्धिमा टेवा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर बर्दिवासका प्रमुख रविन्द्र महतोले भवनमा तालिम हल, माटो परीक्षण प्रयोगशाला, भेटेरीनरी ल्याबलगायत सम्पूर्ण सुविधा समेटिएको जानकारी दिनुभयो ।

गत वर्ष असार महिनामा नगरप्रमुख साहले शिलान्यास गर्नुभएको उक्त भवनको निर्माण कार्य करिब एक वर्षको अन्तरालमै सम्पन्न गरी हस्तान्तरण समेत गरिएको छ भने निर्माणको जिम्मेवारी विजय सिर्जना भगत ग्रुप जेभीले पाएको थियो ।

भवन हस्तान्तरण कार्यक्रममा उपस्थित स्थानीय कृषकहरुले भवन सञ्चालनले कृषि क्षेत्रमा ठोस परिवर्तन ल्याउने विश्वास व्यक्त गर्दै उपमहानगरलाई धन्यवाद समेत दिएका थिए ।

# जनता बहुमुखी क्याम्पसलाई जुट्यो नौ बिघाभन्दा बढी जग्गा

**खबर दर्पण समाचारदाता**
**भदौ ५ गते, बर्दिवास**




महोत्तरीको बर्दिबास-१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पस आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीको उच्च शिक्षाको गन्तव्य हो। यहाँ बर्सेनि विद्यार्थी थपिँदै गएका छन्, तर पर्याप्त जग्गा अभावमा क्याम्पसले समस्या खेप्दै आएको छ । पछिल्लो समय भने यहाँ क्याम्पसलाई स्रोतसाधन जुट्दै गएको छ। क्याम्पस प्रशासनले हालै नौ बिघाभन्दा बढी जग्गा प्राप्त भएको जनाएको छ ।

विसं २०६४ मा बर्दिबास-२ स्थित जनता माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको क्याम्पस पाँच/छ वर्षपछि बर्दिबास-१४ मा छ कट्ठा जग्गामा भवन बनाएर सञ्चालन हुँदै आएको छ । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेको यहाँ हाल एक हजार २०० विद्यार्थी छन् । बर्सेनि विद्यार्थी सङ्ख्या बढ्दै गएको पनि क्याम्पसलाई थप भवन बनाउन ठाउँ अभाव भइरहेका बेला यसपालि नौ बिघा एक कट्ठा नौ धुर जग्गा प्राप्त भएका क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमालले जानकारी दिनुभयो ।

उहाँकाअनुसार साबिक २५ नं बहादुरगञ्ज-२ ९ड० को कित्तानम्बर १७ र १८ बाट जग्गा प्राप्त भएको र अब यहाँ थप भवन, खेलमैदान, उद्यान र छात्रावास बनाइने छ ।

"आवश्यक जग्गा प्राप्त भएको छ, अब स्रोतसाधन र सहयोग जुटाएर थप संरचना बनाउँछौं । त्यसका लागि समन्वय गरिरहेका छौं", अध्यक्ष हमालले भन्नुभयो ।

क्याम्पसलाई बर्दिबास नगरपालिकाको सिफारिसमा जिल्लास्थित प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा प्राप्ति सिफारिस समितिको निर्णयले पर्ति जग्गा प्राप्त भएको जनाइएको छ ।

महोत्तरीका बर्दिबास, भङ्गाहा, औरही र गौशाला नगरपालिका एवं धनुषाको मिथिला नगरपालिकाका क्षेत्रबाट यहाँ अध्ययन गर्न आउने गरेका छन् । क्याम्पसमा छात्रभन्दा छात्राको संख्या बढी छ । क्याम्पस प्रमुख सीताराम खड्काले हाल यहाँ कुल विद्यार्थीको ६० प्रतिशत हाराहारी छात्रा रहेको बताउनुभयो ।

क्याम्पसमा हाल वाणिज्य र शिक्षा सङ्कायमा स्नातक तथा शिक्षा सङ्कायमा स्वास्थ्य र नेपाली विषयमा स्नातकोत्तर तहसम्मको पठनपाठन भइरहेको छ । स्नातक तहमा मानविकी सङ्काय र स्नातकोत्तर तहमा वाणिज्यको पठनपाठन स्वीकृतिका लागि पहल भइरहेको क्याम्पस प्रशासनले जनाएको छ । रासस

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,